पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०९।२९ गते आ.व. २०८१/८२ बैठक क्र.सं.०७

**निर्णयहरु:**

**निर्णय नं. १:** पैयूँ गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१/०८/१९ गते बसेको बैठकका निर्णयहरुको कार्यान्वयन अवस्थाका सम्बन्धमा समिक्षा गर्दा उक्त निर्णयहरु पूर्ण रुपमा कानूनसम्मत कार्यान्वयन भएको छ।

**निर्णय नं. २:** पैयू गाउँपालिकाको आ.व. ०८१/०८२ को वार्षिक कार्यक्रम अन्तर्गत कोदो उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयन गर्न स्वीकृत गरिएको कार्यविधि बमोजिम तथ्याङ्क सङ्कलन गरी कायम हुन आएका जम्मा २४१ घरधुरी लाभग्राहीहरुलाई तपसिल बमोजिम प्रोत्साहन अनुदान रकम वडा सचिव मार्फत वितरण गर्ने र उक्त शीर्षकमा अपुग भएको रकम यस कार्यालयको वार्षिक कार्यक्रम मागमा आधारित शीर्षकबाट व्यहोर्ने निर्णय गरिन्छ।

तपसिल

| क्र.सं. | लाभग्राही छनोटमा जग्गाको वर्गिकरण (रोपनीमा) | लाभग्राही संख्या | अनुदान रकम(रु) | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | २ देखि ३ रोपनी सम्म | १७५ जना | २००० | ३५००००।- | |
| २. | ३ देखि ४ रोपनी सम्म | ४२ जना | २५०० | १०५०००।- | |
| ३. | ४ देखि ५ रोपनी सम्म | ११ जना | ३००० | ३३०००।- | |
| ४. | ५ देखि ६ रोपनी सम्म | ११ जना | ३५०० | ३८५००।- | |
| ५. | ६ देखि माथि | २ जना | ५००० | १००००।- | |
| जम्मा | | २४१ जना | | ५,३६,५००।- | |

निर्णय नं. ३: आ.व. ०८१/०८२ को वार्षिक कार्यक्रम सशर्त अनुदान तर्फ "नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम" सञ्चालन गर्न सूचना प्रकाशन गर्ने र पकेट क्षेत्रको छनौट र कार्यक्रम सञ्चालन सम्बन्धमा आउदो कार्यपालिका बैठकमा कार्यविधि बमोजिम छलफल गरी अगाडी बढाउने निर्णय गरिन्छ।

निर्णय नं. ४: पैयूँ गाउँपालिकाको १५ औं गाउँसभा मिति २०८१/११/०५ गते गर्ने निर्णय गरिन्छ।

निर्णय नं. ५: यस गाउँपालिका अन्तर्गत सार्वजनिक निजि साझेदारी कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक कानूनी व्यवस्थाहरु नभएकाले आ.व. ०८१/०८२ को वार्षिक कार्यक्रम बसपार्क सञ्चालन शीर्षकबाट आवश्यक कानूनहरु (सार्वजनिक निजि साझेदारी ऐन, नियमावली) निर्माण गर्न परामर्श सेवा खरिद गर्ने निर्णय गरिन्छ।

निर्णय नं. ६: यस पैयूँ गाउँपालिकाको प्रशासकीय भवनको क्षेत्रभित्र सेवाप्रवाहमा सहजतता ल्याउन कृषि तथा पशु शाखा भित्रको पार्टिशन, सोधपुछ कक्षको पार्टिशन, स्वास्थ्य शाखाको पार्टिशन, तथा कम्पाउण्ड भित्र टहरा निर्माण गर्न आवस्यक देखिएकाले सम्झौता बमोजिम प्राविधिक मूल्याङ्कनका आधारमा आ.व. ०८१/०८२ को वार्षिक कार्यक्रम अन्तर्गत मागमा आधारित शीर्षकबाट रकम भुक्तानी गर्ने निर्णय गरिन्छ।

तोरण मल्ल ठकुरी

अध्यक्ष

Scanned with CamScanner

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०९।२९ गते आ.व. २०८१/८२ बैठक क्र.सं.०७

निर्णय नं. ७: पैयू गाउँपालिका आधारभूत अस्पतालमा अस्पतालजन्य उपकरणहरुको सञ्चालन गर्न 3-Face Line को आवश्यक परेकाले सो सम्बन्धमा जडानका आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरिन्छ। उक्त कार्यका लागि एक ट्रान्सफर्मर र लाईन जडान खर्च पैयूँ गाउँपालिकाको आ.व. ०८१/०८२ को स्वीकृत बजेटको विविध शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरिन्छ।

निर्णय नं.८: नेपाल सरकारद्वारा मृगौला रोग, क्यान्सर, स्पाईनल इन्जुरी भई पारालाईसिस भएका बिरामीलाई जिविकोपार्जन भत्ता उपलब्ध गराउने कार्यविधि बमोजिम यस पैंयु गाउँपालिका अन्तर्गत स्थायी बसोबास गर्ने तपसिलका बिरामीलाई आ.व. ०८१/०८२ का लागि लाभग्राही कायम गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | नामथर | ठेगाना | लाभग्राही कायम मिति |
|---|---|---|---|
| १ | नारायण प्रसाद काफ्ले | ३ नं. वडा वेउलीबास | २०८१/०९/३० |

निर्णय नं. ९: पैयूँ गाउँपालिकाभित्र २०६० को दशकमा आर्युवेद क्षेत्रमा रही सेवा गर्नुभएका डा.बुद्धि पौडेललाई उक्त कार्यको उचित मूल्याङ्कन गर्दै नेपाल सरकारले प्रदान गर्ने बिभूषणकालागि सिफारिस गर्ने निर्णय गरिन्छ।

निर्णय नं. १०: पैयूँ गाउँपालिका क्षेत्र भित्र रहेका तपसिलका व्यक्ति तथा संस्थालाई विविध कार्यक्रम सञ्चालन तथा उपचारका निम्ति आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रम आर्थिक सहायता शीर्षकबाट तपसिल बमोजिको आर्थिक सहयोग गर्ने निर्णय गरिन्छ।

तपसिल

| क्र.स. | नाम | ठेगाना | रकम रु. |
|---|---|---|---|
| १ | सत्यवचन परम ईश्वरीय मार्गदर्शन, पर्वत | पैयूँ गाउँपलिका वडा नं. ४ | ५०,०००।- |

निर्णय नं. ११: पैयूँ गाउँपालिकाका मानसिक रोगीहरुलाई मानसिक रोग सम्बन्धी औषधी उपलब्ध गराउन गाउँपालिकाको आ.व. ०८१/०८२ को वार्षिक कार्यक्रम अन्तर्गत मानसिक रोगीहरुलाई औषधी खरिद शीर्षकबाट भुक्तानी हुने गरी औषधी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरिन्छ।

तोरण मल्ल ठकुरी

अध्यक्ष

Scanned with CamScanner